# शहिद लखन गाउँपालिका

# सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि,

# २०७५

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

प्रमाणित

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

## शहिद लखन गाउँपालिका
## सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि, २०७५

**प्रस्तावना:** गर्भवती महिला तथा गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्थालाई सुरक्षित बनाउनुका साथै गर्भावस्थामा आमा र वच्चाले आवश्यक पौष्टिक तत्व प्राप्त गर्ने अवस्था सिर्जना गराई स्वस्थ र सुरक्षित प्रजननको सुनिश्चिचता गर्न शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाले सुत्केरी प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७५ तर्जुमा गरी पारित गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ**

(क) यस कार्यविधिको नाम "सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"संविधान"** भन्नाले नेपालको संविधान लाई सम्झनुपर्दछ ।

(ख) **"गाउँपालिका"** भन्नाले शहिद लखन गाउँपालिका सम्झनुपर्दछ ।

(ग) **"कार्यविधि"** भन्नाले शहिद लखन गाउँपालिकाको सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि २०७५ सम्झनुपर्दछ ।

(घ) **"स्वास्थ्य संस्था"** भन्नाले शहिद लखन गाउँपालिकाको मातहतमा रहेका स्वास्थ्य चौकीहरु र सामुदायिक स्वास्थ्य इकाईहरुलाई सम्झनु पर्दछ ।

### परिच्छेद २
### उद्देश्य

**३ उद्देश्य यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् ।**

(१) महिलाहरुले सुचिकृत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने संख्यामा वृद्धि गर्ने ।

(२) गर्भावस्थामा हुने जटिलताको न्युनिकरण गरी सुरक्षित मातृत्वको सुनिश्चितता गर्ने ।

(३) वाल मृत्युदर र मातृ मृत्युदर कम गर्ने ।

(४) प्रोटोकल अनुसार लक्ष्य पुरा गर्ने ।

(५) घरमै सुत्केरी हुने संख्या घटाउने ।

(६) व्यक्तिमा कुपोषणबाट हुने शारीरिक/मानसिक अपाङ्गता, सामाजिक समस्या न्यूनीकरण गर्ने ।

(७) कुपोषणबाट ग्रसित व्यक्तिहरुको स्वास्थ्य समस्या तथा जीवीकोपार्जनको लागि परिवार, समाज र राज्यले भविष्यमा लगानी गर्नुपर्ने ठूलो मात्राको धन राशी एवं दायित्वलाई न्यूनीकरण गर्ने ।

### परिच्छेद ३
### सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण प्रक्रिया

**४. सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण प्रक्रिया देहाय बमोजिम हुनेछ :**

१) प्रत्येक स्वास्थ्य चौकीहरुलाई त्रैमासिक/चौमासिक रुपमा त्यस संस्थाको गर्भवती महिलाको लक्ष्य अनुसार गाउँपालिका कार्यालयबाट पेश्कि रकम स्वास्थ्य संस्थाको खातामा जम्मा गर्ने व्यवस्था हुनेछ ।

२) स्वास्थ्य व्यवस्थापन समितिको वैठकवाट निर्णय गरि सुरक्षित मातृत्व हेर्ने फोकल पर्सनलाई पेश्की रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३) अघिल्लो पेश्की रकम फछ्र्यौट भएपछि अर्को त्रैमासिक/चौमासिक पेश्की रकम स्वास्थ्य संस्थाको खातामा गाउँपालिकाले उपलब्ध गराउनेछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
भैरव, गोरखा
२०७३

२०७५/८/२२
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

४) सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण देहाय बमोजिम गरिनेछ ।

(क) प्रोटोकल अनुसार ४ पटक गर्भ परिक्षण गरेमा स्वास्थ्य संस्थाले रु.२००० उपलब्ध गराउनेछ ।

(ख) प्रोटोकल अनुसार ४ पटक गर्भ परीक्षण गर्नु भन्दा अगावै ७ महिना देखी ९ महिनाको विचमा स्वास्थ्य संस्थामा सुत्केरी भएमा वा सुत्केरी गराउन नसकी प्रेषण भएमा रु. ५००० उपलब्ध गराउनेछ ।

(ग) गर्भ जाँच गरेको स्वास्थ्य चौकीमा सुत्केरी भएमा, सो सुविधा उक्त संस्थामा नभएमा वा सुत्केरी गराउन नसकी वाहिर प्रेषण भई जानु परेमा रु ३००० उपलब्ध गराउनेछ ।

(घ) माथि उल्लेखित वुँदाहरु शहिद लखन गाउँपालिकामा स्थायी रुपमा वसोवास गर्ने र गाउँपालिका भित्र अस्थायी रुपमा वसोवास गरि ज्याला मजदुरी गर्ने महिलाहरुको हकमा मात्र लागु हुनेछ ।

(ङ) शहिद लखन गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा ४ पटक गर्भ जाचँ गर्ने र बच्चा जन्माउने महिलाले मात्र सुबिधा प्राप्त गर्न सक्नेछन् । शहिद लखन गाउँपालिका भित्र स्थायी ठेगाना भएका तर अन्यत्र बसोबास गर्नेहरुले सुबिधा प्राप्त गर्ने छैनन् ।

**५. सुत्केरी प्रोत्साहन पोषण भत्ता प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :**

१) सुत्केरी महिलाको निवेदन,

२) स्वास्थ्य संस्थाले प्रदान गरेको जन्म प्रमाणपत्र (Birth Certificate),

३) गर्भ परीक्षण पत्र (ANC CARD) को प्रतिलिपि,

४) वडा कार्यालयवाट स्थायी वसोवास वा ज्याला मजदुरीको प्रमाणीकरण पत्र (गर्भ परीक्षणको समय अवधिभरमा उपलब्ध गराउनु पर्ने),

५) प्रेषण भएको खण्डमा स्वास्थ्य संस्थाले जारी गरेको प्रेषण पुर्जाको प्रतिलिपि ।

## परिच्छेद ४
## विविध

**६. अभिलेख व्यवस्थापनः** उक्त रकम वितरण गर्दा स्वास्थ्य चौकीले अनुसूचि १ र २ भरि पेश गर्नुपर्नेछ ।

७. **लक्षित समूह :** शहिद लखन गाउँपालिका अन्तर्गतका सवै गर्भवती र सुत्केरी महिलाहरु लक्षित समूह रहनेछ ।

८. **कार्यक्रम संचालन गर्ने निकाय :** शहिद लखन गाउँपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरु मार्फत कार्यक्रम संचालन हुनेछ ।

९. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थैलेग, गोरखा
२०७३

२०७८।०८।२८
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचि १

शहिद लखन गाउँपालिका

गोरखा

गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा गर्भ परीक्षण गराए वापत वुझेको रकमको भरपाई

स्वास्थ्य संस्थाको नाम :

ठेगाना:

| क.स. | गर्भपरीक्षण गर्ने ब्याक्तिको नामथर | ठेगाना | प्रथम परिक्षण मिति | वुझेको रकमको दस्तखत | दोश्रो परीक्षण मिति | वुझेको रकमको दस्तखत | तेश्रो परीक्षण मिति | वुझेको रकमको दस्तखत | चौथो परीक्षण मिति | वुझेको रकमको दस्तखत | गर्भपरीक्षण गर्ने स्वास्थ्यकर्मीको नाम | स्वास्थ्यकर्मीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि २

शहिद लखन गाउँपालिका

गोरखा

स्वास्थ्य संस्थामा चार पटक गर्भ जाचँ तथा सुत्केरी पश्चात वा सुत्केरी हुन नसकी प्रेषण भए वापतको वुझेको रकम को भरपाई

स्वास्थ्य संस्थाको नाम :

ठेगाना:

| क्र.स | सुत्केरी हुने वा प्रेषण भएको महिलाको नाम | ठेगाना | चार पटक गर्भ जाचँ गरेको/नगरेको | वुझिलिएको रकम | दस्तखत | मोवाइल नं | स्वास्थ्यकर्मीको नाम | स्वास्थ्यकर्मीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

शहिद लखन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, गोरखा

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

मिति २०७५।०९।२२ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणि गर्दछु ।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७५।०९।२२

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत